**<u>मिति २०७८/०८/१७गते शुक्रबार ११४ औं कार्यपालिका बैठक</u>**

प्रस्तावः

१. पूर्व कार्यपालिका बैठकका निर्णय समिक्षा सम्बन्धमा ।

२. नगरसभा सम्बन्धमा ।

३. समपुरक आयोजना छनौट सम्बन्धमा ।

४. लखन पार्कमा माली पदमा कार्यरत तोलकराम कामीको तलब भुक्तानी सम्बन्धमा ।

५. आर्थिक सहयोग सम्बन्धनमा ।

५.१ नेपाल निजामति कर्मचारी यूनियन,

५.२ फरककोण मिडिया प्रा.लि.,

५.३ वडा नं. १० को विन्दवासिनी मन्दिर,

५.४ दाङ जिल्ला उद्योग वाणिज्य संघ,

५.५ वृत्तचित्र निर्माणका लागि,

५.६ श्री प्राथमिक विद्यालय सिस्नेरी वडा नं. १२,

५.७ वडा नं. ५को धर्ना साना किसान कृषि सहकारी संस्था लि.को भवन निर्माणका लागि

५.८ लुम्विनी प्रदेश स्तरीय तेक्वान्दो प्रतियोगिता सञ्चालनका लागि,

६. बजेट व्यवस्थापन सम्बन्धमा ।

६.२ वडा नं. १७ सरस्वती टोल विकास संस्थाको भवन संरक्षणका लागि,,

६.३ वडा नं. १७ भुयारथान निर्माणका लागि,

७. वडा नं. १६को डाँफे टोलमा अवस्थित कल्भर्ट मर्मत सम्बन्धमा ।

८. नेपाल रेडक्रस सोसाइटीलाई मोटरसाइकल सहयोग गर्ने सम्बन्धमा ।

९. उत्सर्ग संगीत अवार्ड २०७८ का लागि आर्थिक सहयोग ।

१०. वडा नं. १० अन्तर्गत जानकी टोलमा खानेपानी संचालनका लागि पाइप उपलब्ध गराउने सम्बन्धमा ।

११. धारापानी मन्दिर व्यवस्थापन समितिलाई सेफ्टी ज्याकेट उपलब्ध गराउने सम्बन्धमा ।

१२. वडा नं. २ स्थित रामपुर पलासेको बनखेतमा रहेको जग्गामा बर्खे तथा हिंउदे सिंचाईका सिंचाई पाईप उपलब्ध गराउने सम्बन्धमा ।

१३. नगर शिक्षा समितिको बैठकको निर्णय अनुमोदन ।

## निर्णय नं. १

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको विगतमा बसेका बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था पूर्वरुपमा सन्तोषजनक रहेकोले आगामी दिनमा समेत निर्णय कार्यान्वयनलाई थप प्रभावकारी बनाउने ।

## निर्णय नं. २

घोराही उपमहानगरपालिकाको दशौं नगर सभा (हिंउदे) को पहिलो बैंठक मिति २०७८ साल पौष ७ गते बुधबार दिनको १ बजे आव्हान गर्ने ।

## निर्णय नं. ३

घोराही उपमहानगरपालिकामा आ.व. ०७९/०८०को लागि तपसिल बमोजिमका आयोजनाहरु संघ सरकारको विशेष अनुदान एवं समपुरक अनुदान सहायता अन्तर्गत सञ्चालन गर्न विशेष अनुदान सम्बन्धी कार्यविधि २०७६ को अनुसूची-१ एवं समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७६ को अनुसूची-१ बमोजिमको ढाँचामा राष्ट्रिय योजना आयोगमा माग गरी पठाउने ।

१. विषेश अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरु

| सि.नं. | आयोजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | जनता मा.वि. बुकामा कभर्ड हल निर्माण | २ | |
| २ | स्वास्थ्य चौकी पूर्वाधार निर्माण | १२, १३, १६, १७ | |

२.समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरु

| सि.नं. | आयोजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | कर्नरेदेखि दलजितपुरसम्म भैसाही चोकदेखि गैरागाँउ हुँदै सर्रा जोडने सडक र कटुवा खोला शंखेपिपलदेखि १८ नं. वडा कार्यालयहुँदै अम्बिकेश्वरी मन्दिर जाने सडक पिच । | ७,५,१७,१६,१५,१८ | |

## निर्णय नं. ४

घोराही उपमहानगरपालिका वडा नं. १४ स्थित लखन पार्कमा (साविक त्रिभुवन पार्क) माली पदमा कार्यरत तोलकराम कामीलाई पार्क हेरचाह गरेवापत विगतदेखि उपलब्ध गराइदै आएको मासिक पारिश्रमिक रु. ८०००।– हालको अवस्थामा निकै कम भएकाले मासिक पारिश्रमिक बढाई दिनुहुन भनि पार्क संरक्षण तथा संवर्धन समितिको मिति २०७८।०७।१४ गतेको पत्रबाट यस कार्यालयमा अनुरोध भई आएकोले २०७८ श्रावन महिनादेखि लागू हुनेगरी उक्त माली पदमा कार्यरत तोलकराम कामीलाई मासिक रु. १०,०००।– (दश हजार) पारिश्रमिक उपलब्ध गराउने ।

**निर्णय नं. ५**

५.१ नेपाल निजामती कर्मचारी यूनियन दाङको जिल्ला अधिवेशन २०७८ सञ्चालनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि जिल्ला कार्य समिति दाङको च.नं. १०, मिति २०७८।०६।०८ गतेको पत्रबाट अनुरोध गर्नुभएकोले नेपाल निजामती कर्मचारी यूनियन जिल्ला कार्य समिति दाङलाई आर्थिक सहायता स्वरुप रु. २५०००।– (पच्चिस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

५.२ फरक कोण मिडिया प्रा.लि.द्धारा सञ्चालित STN च्यानलबाट हाम्रो पालिका राम्रो पालिका कार्यक्रम सञ्चालन, सार्वजनिक सुनुवाई र डकुमेन्ट्री निर्माणका लागि आवश्यक आर्थिक सहयोग गरिदिनुहुन भनि च्यानलको च.नं. १०१, मिति २०७८।७।१४ गतेको पत्रबाट अनुरोध भई आएकोले STN च्यानल तुलसीपुर दाङलाई प्रसारणको प्रमाण र विल सहित पेश भई आएमा रु.२५,०००।– (पच्चीस हजार) घोराही उपमहानगरपालिकाबाट उपलब्ध गराउने ।

५.३ घोराही उपमहानगरपालिका वडा नं. १० स्थित विन्दवासिनी मन्दिरको परिसरमा टायल विच्छाउन तथा मन्दिरको चारैतर्फ रेलिङ निर्माणका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि १० नं. वडा कार्यालयको च.नं. १७६३, मिति २०७८।८।२ को सिफारिससाथ अनुरोध भई आएकोले उक्त मन्दिर संरक्षणका लागि रु. ७५,०००।-(पचहत्तर हजार) घोराही उपमहानगरपालिकाको धार्मिक तथा साँस्कृतिक संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

५.४ नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशको संस्थागत विकास एवं आर्थिक क्षमता अभिवृद्धि लगायतका विषयमा कार्ययोजना तर्जुमा गोष्ठी कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि दाङ जिल्ला उद्योग वाणिज्य संघको च.नं. ८१, मिति २०७८।०८।०३ गतेको पत्रबाट अनुरोध भई आएकोले कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग स्वरुप रु. ३००००।– (तिस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

५.५ दाङ जिल्लाका धार्मिक साँस्कृतिक तथा पर्यटकीय स्थलहरुको वृत्तचित्र मेरो दाङः मेरो शान निर्माण गरी व्यापक रुपमा प्रचार प्रसार गर्ने उद्देश्यले निर्माण गरिएको वृत्त चित्र निर्माणको प्रतिवेदन सहित आर्थिक सहयोग गरिदिनुहुन भनि यस कार्यालयमा लेखक/निर्देशक श्री डिल्ली बस्नेत संगीतले निवेदन दिनुभएकोले उहाँलाई सहयोग स्वरुप रु. २५,०००।– (पच्चिस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

५.६ घोराही उपमहानगरपालिका वडा नं. १२ सिस्नेरी स्थित श्री प्राथमिक विद्यालय स्कुलको हाता भित्र तिन तिर तारबार गरिएको र एक तर्फ खुला भएको कारण विद्यालय परिसर भित्र गाई वस्तु आई बालबालिकाको पठनपाठनमा असर परेको साथै दुर्घटना समेत हुने खतरा देखिएको हुँदा विद्यालय परिसर तारबारका लागि आवश्यक रकमको व्यवस्था गरिदिनुहुन भनि १२ नं. वडा कार्यालयको च.नं. १०२४, मिति २०७८।०७।११को सिफारिस साथ विद्यालयबाट अनुरोध भई आएकोले उक्त विद्यालय परिसर तारबारका लागि रकम रु. २,००,०००।– (दुई लाख) घोराही उपमहानगरपालिकाको शैक्षिक संस्थाहरुलाई सहायता शीर्षकबाट उपलब्ध गराउने ।

५.७ घोराही उपमहानगरपालिका वडा नं. ५ धर्ना स्थित धर्ना साना किसान कृषि सहकारी संस्था लि. धर्ना बसन्तापुरको भवन निर्माण भईरहेकोमा उक्त भवन सम्पन्न गर्न रकम अभाव भएकोले आर्थिक सहयोग गरिदिनुहुन भनि ५ नं. वडा कार्यालयको च.नं. ८३८, मिति २०७८।०८।०६ गतेको सिफारिससाथ धर्ना साना किसान कृषि सहकारी संस्था लि. धर्नाबाट भवन निर्माणका लागि अनुरोध भई आएकोले रु. १,५०,०००।– (एक लाख पचास हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

५.८ घोराही उपमहानगरपालिकामा यही मिति २०७८ पौष ९ देखि ११ गतेसम्म लुम्विनी प्रदेश स्तरीय तेक्वान्दो प्रतियोगिता सञ्चालन हुने भएकोले कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि आई.टी.एफ. तेक्वान्दो एशोसियशन जिल्ला दाङको च.नं. २५, मिति २०७८।०८।१२को पत्रबाट अनुरोध भई आएकोले प्रतियोगिता सञ्चालनका लागि सहयोग स्वरुप रु. ६०,०००।– (साठी हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. ६**

६.१ घोराही उपमहानगरपालिका वडा नं. १७ स्थित सरस्वती टोल विकास संस्थाको भवनको संरक्षणका लागि वरीपरी तारबार गर्ने तथा शौचालय निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गरिदिनुहुन भनि १७ नं. वडा कार्यालयको च.नं. १८९५, मिति २०७८।०७।२२ गते सिफारिससाथ अनुरोध भई आएकोले उक्त टोल विकास संस्थाको भवन वरिपरी तारवार तथा शौचालय निर्माणका लागि रकम रु. २,००,०००।– (दुई लाख) घोराही उपमहानगरपालिकाको गैर वित्तिय संस्थानहरुलाई चालु सहायता शीर्षकबाट उपलब्ध गराउने ।

६.२ घोराही उपमहानगरपालिका वडा नं. १७ स्थित शान्ति टोल विकास संस्था अन्तर्गत पर्ने बर्गद्धीमा रहेको भूयारथान निर्माणका लागि आवश्यक बजेट व्यवस्थापनका लागि १७ नं. वडा कार्यालयको च.नं. १९६६, मिति २०७८।०७।२८ गतेको सिफारिससाथ आएकोले उक्त भूयारथान निर्माणका लागि रकम रु. १,५०,०००।– (एक लाख पचास हजार) घोराही उपमहानगरपालिकाको धार्मिक तथा साँस्कृतिक संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका वडा नं. १६ स्थित डाँफे टोलमा वि.एन.वि. चोकदेखि पूर्व सेवार खोला अटो भिलेज जाने बाटोमा रहेको कल्भर्ट भत्किएर सवारी यातायात तथा आवागमनमा समेत समस्या भएकोले कल्भर्ट मर्मतका लागि १६ नं. वडा कार्यालयको च.नं. ४०४७, मिति २०७८।०८।१६ गतेको सिफारिससाथ अनुरोध भई आएकोले उक्त कल्भर्टको स्थलगत प्राविधिक निरिक्षण गरी ल.ई. अनुसार घोराही उपमहानगरपालिकाको विपद व्यवस्थापन शाखा अन्तर्गत रहेको **समितिको अनुगमन र निर्णय पश्चात भुक्तानी हुने गरी विपदबाट क्षति भएका भौतिक संरचनाहरुको मर्मत संभार** शीर्षकबाट खर्च हुने गरी तत्काल मर्मत गर्ने ।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिकाको ११ वटा वडाका वडावासीलाई विपत्ती परेको बेला सर्वसुलभ तरिकाले मानवीय पिडालाई कम गर्ने उद्देश्यले प्रकोप प्रभावितहरुका लागि आपतकालिन राहत सेवाको व्यवस्था गर्न विपद् न्यूनीकरण र पूर्व तयारी गर्न तथा छिटो छरितो तथा प्रभावकारी सेवा प्रदान गर्नको लागि मोटरसाइकल उपलब्ध गराइदिनुहुन भनि नेपाल रेडक्रस सोसाइटी घोराही उपशाखा दाङको च.नं. २०/०७७/०७८ मिति २०७८।०२।२७ गतेको पत्रबाट अनुरोध भई आएकोले सहयोग स्वरुप १ थान मोटरसाइकल घोराही उपमहानगरपालिकाको आन्तरिक व्यववस्थापन तथा खरिद शाखाबाट खरिद गरी उपलब्ध गराउने ।

**निर्णय नं. ९**

नेपाली गीत संगीतको उन्नयन तथा स्रष्टाहरुको सम्मान गर्ने उद्देश्यले राष्ट्रिय स्तरमा खातिप्राप्त कलाकर्मीहरुको सम्मानका लागि मिति २०७८ मंसिर २२ गते दाङमा संगीत उत्सवको रुपमा उत्सर्ग संगीत अवार्ड २०७८को आयोजना गरिएकोले उक्त कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि पहल नेपाल घोराही दाङको मिति २०७८।०८।१६ गतेको पत्रबाट अनुरोध भई आएकोले कार्यक्रम सञ्चालनका लागि सहयोग स्वरुप रु. ५१,०००।– (एकाउन्न हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. १०**

घोराही उपमहानगरपालिका वडा नं. १० अन्तर्गत जानकी टोलमा खानेपानी ट्याङ्की निर्माण भएकोमा खानेपानी संचालनका लागि ५० मिटर मेन लाइनको ३ इन्चको पाईप र ४०० मिटर धाराको लागि २ इन्चको पाईप उपलब्ध गराइदिनुहुन भनि १० नं. वडा कार्यालयको च.नं. १२३०, मिति २०७८।०६।१८ को सिफारिस साथ अनुरोध भई आएकोले माग भए बमोजिमका पाइप घोराही उपमहानगरपालिकाको आन्तरिक व्यववस्थापन तथा खरिद शाखाबाट खरिद गरी जानकी टोल विकास संस्थालाई उपलब्ध गराउने ।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिका वडा नं. ५ स्थित धारापानी मन्दिर परिसरको क्षेत्रफलमा लुम्बिनी प्रदेश उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय मार्फत निर्माण भएको पोखरीमा भविष्यमा कुनै मानवीय दुर्घटना वा जोखिम भएमा उद्धारका लागि आवश्यक ज्याकेट उपलब्ध गराइदिनुहुन भनि पाण्डवेश्वर महादेव मन्दिर व्यवस्थापन समितिको मिति २०७८।०५।०६ गतेको निर्णय अनुसार माग भई आएकोले माग भए बमोजिम १० वटा सेफ्टी ज्याकेट घोराही उपमहानगरपालिकाको आन्तरिक व्यवस्थापन तथा खरिद शाखाबाट खरिद गरी पाण्डवेश्वर मन्दिर व्यवस्थापन समितिलाई उपलब्ध गराउने ।

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिका वडा नं. २ स्थित रामपुर पलासेको बनखेतमा रहेको जग्गामा बर्खे तथा हिंउदे सिंचाईका लागि आवश्यक पोलिथिन पाइप उपलब्ध गराइदिनुहुन भनि २ नं. वडा कार्यालयको च.नं. ४१८, मिति २०७८।५।२८ को सिफारिससाथ अनुरोध भई आएकोले उक्त स्थानमा सिंचाईका लागि आवश्यक ८ इन्चको ३४ मिटर पोलिथिन पाइप घोराही उपमहानगरपालिकाको आन्तरिक व्यवस्थापन तथा खरिद शाखाबाट खरिद गरी उपलब्ध गराउने ।

**निर्णय नं. १३**

घोराही उपमहानगरपालिकाको नगर शिक्षा समितिको मिति २०७८।०७।२८ गते बसेको बैठकका देहाय बमोजिमका निर्णयहरु अनुमोदन गर्ने ।

**१३.१** घोराही उपमहानगरपालिका वडा नं. २ मा रहेको प्रा.वि. सोरेठी रातामाटामा विद्यार्थी संख्या निकै कम भएको र प्रा.वि. गौरी बबै निमुरियामा विद्यार्थी संख्या उच्च भएकोले प्रा.वि. सोरेठी रातामाटामा कार्यरत प्रा.वि. शिक्षक श्री चम्पा चौधरीलाई राहत कोटा सहित प्रा.वि. गौरी बबई निमुरियामा सरुवा पदस्थापना गर्ने ।

**१३.२** प.प.न.मा.वि. भरतपुरबाट सिद्धरत्ननाथ मा.वि. नारायणपुरमा यस अघि सरुवा गरिएका मा.वि. तहका शिक्षक श्री गंगा बहादुर बुढाथोकीलाई प.प.न.मा.वि. भरतपुरमा यथावत कायम गरी आगामी दिनमा प.प.न.मा.वि. भरतपुरमा दरबन्दी रिक्त भएमा उक्त दरबन्दी भगवति मा.वि. सैघामा उपलब्ध गराउने र यस अघि प.प.न.मा.वि. भरतपुरको नि.मा.वि. शिक्षक आ.वि. सुनपुरमा सरुवा गर्ने भएकोमा हाललाई यथावत कायम गरी आगामी दिनमा प.प.न.मा.वि. भरतपुरमा नि.मा.वि. दरबन्दी रिक्त हुन आएमा उक्त रिक्त दरबन्दी आ.वि. सुनपुरमा उपलब्ध गराउने ।

**१३.३** सिद्धरत्ननाथ मा.वि. नारायणपुरको रिक्त मा.वि. दरबन्दी यस भन्दा पहिलाको शिक्षा समितिको बैठकको सिफारिस अनुसार नगर कार्यपालिका समेतको निर्णय भै भगवती मा.वि. सैघामा पठाइएको तर प.प.न.मा.वि. भरतपुरबाट मा.वि. दरबन्दी सहित सरुवा गरी पठाइएका शिक्षक श्री गंगा बहादुर बुढाथोकी हाललाई यथावत भएकाले सिद्धरत्ननाथ नमुना मा.वि. नारायणपुरबाट भगवति मा.वि. सैघामा पठाइएको रिक्त दरबन्दी सिद्धरत्ननाथ नमुना मा.वि. नारायणपुरमा यथावत कायम गर्ने ।

**१३.४** घोराही उपमहानगरपालिका वडा नं. ४ मा अवस्थित आ.वि. सुनपुरका नि.मा.वि तहका राहत शिक्षक श्री नारायण प्रसाद घिमिरे यस अघि जनता मा.वि. डाँडाँगाउँ बुकामा पदस्थापन भएकोमा निजको सरुवा पदस्थापना मा.वि. डाँडाँगाउँ गोग्लीमा गरी मा.वि. डाँडाँगाउँ गोग्लीमा रिक्त रहेको नि.मा.वि. राहत दरबन्दी जनता मा.वि. बुकामा कायम गर्ने ।